# 'कथाकारको आँखा' कथाको विधा परिपाटी

- **डा योगेश पन्त**

सन्त जोसेफ्स महाविद्यालय।

**सार-** सञ्जय विष्ट भारतीय नेपाली कथाका क्षेत्रमा एकजना स्थापित कथाकार हुन्। **शब्दान्त** (ई सं १९९३), **अस्तचालतिर** (ई सं २००७) र **जुनजस्तै घाम** (ई सं २०१५) उनका प्रकाशित कथा सङ्ग्रह हुन्। उनका कथाहरूको अध्ययन विभिन्न दृष्टिकोणबाट गर्न सकिन्छ। उनका प्रत्येक कथाले नै पाठकलाई विविध प्रकारले प्रभाव पारेको हुन्छ। अर्थात् एउटा पछि अर्को उत्कृष्ट कथा लेख्ने कथाकारहरूमध्ये उनी एकजना हुन्। उनको 'कथाकारको आँखा' कथा बेग्लै परिपाटीको देखिन्छ। यो कथा कथा विधाले भन्दै आएको पारम्परिक संरचनालाई चुनौती दिएर निर्माण भएको छ। यस कारण यस शोध पत्रमा उनका धेरैवटा कथाहरूमध्ये 'कथाकारको आँखा' कथाको विधा परिपाटी हेर्ने काम गरिएको छ।

**बीज शब्द-** नेपाली, कथा, विधा, परिपाटी, पराख्यान।

## १ परिचय

कुनै पनि कलाको अध्ययन गर्दा त्यसको विधा परिपाटी केलाउनु एउटा महत्त्वपूर्ण काम हो। आज साहित्यका अनेकौँ विधाहरू छन् जसमध्ये कथा पनि एउटा हो। कुनै साहित्यको विधा खुट्याएर स्थापित गर्दै सर्व सहमति मत जुटाउन पनि चर्को काम ठहर्छ। विधाको ठिक विवेचना गर्नु सम्भव देखिँदैन। अर्थात् कुनै निबन्ध सय प्रतिशत निबन्ध नहुन र कुनै कथा सय प्रतिशत कथा नहुन सक्छ। नेपाली भाषामा जुन 'विधा' शब्द चलेको छ त्यसलाई फ्रान्सेली भाषाको 'ज्याँ' (genre) शब्दको पर्याय मानिन्छ जसको अर्थ भेद अथवा प्रकार हो। कथालाई पनि साहित्यको एउटा विधा मानेर नै अध्ययन गरिएको छ। 'कथाकारको आँखा'-लाई कथा विधाको एउटा निष्पत्तिका रूपमा अध्ययन गर्दा यसको रूप के कस्तो देखिने हो भन्ने जिज्ञासा यस अध्ययन पत्रको मूल हेतु रहेको छ।

## २ कथा विधाको परिचय

साहित्यमा सुरुदेखि नै विधा भएको मानिए तापनि यसको अस्तित्व र स्वरूपमाथि सबै साहित्य चिन्तकमा समान सहमति देखिँदैन। कुनै पनि विधाको ठिक विवेचना सम्भव पनि मानिँदैन। कुनै पनि

विधाको स्वरूप गणितीय सूत्रजस्तो निर्माण गरेर सर्व सहमति प्राप्त गर्नु असम्भव हो। कथा एउटा साहित्यिक विधा भए तापनि सबै कथा एउटै गणितीय सूत्रजस्ता हुँदैनन्।

विधाको अर्थ भेद, प्रकार, किसिम आदि हो। विधाको अवधारणा प्रतिपादन गर्ने काम रूपवादी आलोचनाले गरेको पाइन्छ। साधारणतः विधा भन्नाले कुनै साहित्य समूहका विधिसम्मत नियमहरू बुझिन्छ, जसले त्यस समूहभित्र आउने साहित्यिक रूप बुझाउने गर्छ। अर्थात् महाकाव्य, खण्डकाव्य, कथा, कविता, उपन्यास आदि पारम्परिक विधालाई उदाहरण स्वरूप लिन सकिन्छ। यद्यपि प्रत्येक समयका प्रत्येक विधामा देखिने नयाँपनले यसका पारम्परिक विधिसम्मत नियमहरू प्रभावित भएर नयाँ नयाँ साहित्यका रूपको सृजना भएको हुन्छ। विधा अस्थायी हुन्छ, स्थायी हुँदैन। एउटा विशेष विधाको प्रत्येक नयाँ उदाहरणले पारम्परिक वर्गीकरणद्वारा हामीले बुझेका विषयलाई परिवर्तन र संशोधन गर्न सक्छ।[१] अर्थात् कुनै विधाको आधारभूत तत्त्व निर्क्यौल गरेर यथार्थवादी कथा यो हो भन्नु कठिन नै हुन्छ।

कुनै कथाकारले कथा विधा लेख्नु भनेको ऊ त्यस विधाको आन्तरिक संरचनासँग सहज हुनु हो? भन्ने विषय पनि अघि आउँछ। यस क्षेत्रमा के भन्न सकिन्छ भने कथाकार केवल विषयवस्तुसँग मात्र होइन तर कथा विधासँग पनि मुग्ध हुनु पर्छ। पाठकमा विचार र सौन्दर्यको अनुवाद कुनै विधाकै माध्यम हुने गर्छ।

लेखनको विकाससँगै कुनै विधाको स्वरूपमा भिन्नता र नयाँपन पनि आउने गर्छ। कथा विधाबारे कुरा गर्दा यसको कुनै निश्चित र शुद्ध नाप पाइँदैन। यसको आकार, लम्बाइ, सीमाबारे मतैक्य छैन। हिन्दी भाषामा लघु कथा, कथा, लामो कथा भनेर कथाको वर्गीकरण गरिएको पाइन्छ भने नेपाली भाषामा लघु कथा र कथाको चर्चा छ। यद्यपि यी भेदमाझ स्पष्ट मापदण्ड भने दिइएको पाइँदैन। एउटा उपन्यास छोट्याएर कथा हुँदैन र एउटा कथा बढाएर उपन्यास हुँदैन। प्रत्येक विधाको सत्ता भने स्वतन्त्र छ। प्रत्येक विधाले निर्माण गरेको सौन्दर्यको स्वरूप एउटा हो। यसो हुँदा विधाको वर्गीकरणलाई धेरजसो विद्वान् कृत्रिम मान्छन्।

कथा गद्याख्यान हो। कथालाई विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाद्वारा अर्थ्याउने काम गरेका छन्। यसो हुँदा पनि यो कुनै एउटा परिभाषाभित्र अँटाउन सकेको छैन। यसो हुनाका कारण

[१] स्कट म्याकक्र्याकेन, ई सं १९९८, **पल्प : रिडिङ पपुलर फिक्सन**, न्युयोर्क, म्यानचेस्टर युनिभर्सिटी प्रेस, पृ १२

यसमा देखिएको निरन्तर नयाँपनले हो। यसले अहिलेसम्म आइपुग्दा आफ्ना संरचनात्मक तत्त्वमा धेरै परिवर्तन गरेको छ। सुरुमा घटनाको वर्णन कथा भए तापनि परवर्ती समयमा घटनाको वर्णन मात्र कथा भएन। कथानकको ह्रास, चरित्रको व्याख्या, प्रतिकथा, अकथाजस्ता विषयहरू कथासँग जोडिँदै गए। घटनाको आदि, मध्य र अन्तजस्ता परिपाटीदेखि भिन्नै कथा लेखिन थालियो। यसो हुँदा कथा विधामा समयकालमा धेरै परिवर्तन देखिँदै गए र देखिँदैछन्। अतः विधाको एउटा साँचाभित्र सम्पूर्ण कथा अँटाउन सक्दैनन्। नेपाली कथाका विकासमा पनि यस्ता धेरै लक्षणहरू देखिन्छन्।

## ३ 'कथाकारको आँखा' कथाको आकार

कथाको आकारबारे विभन्न विद्वान्हरूले विभिन्न विचार व्यक्त गरेका छन्। यसो हुँदा पनि कथाबारे एउटा निश्चित मापदण्ड निर्माण भएको देखिँदैन। कथालाई एक बसाइमा पढिसिद्ध्याउने साहित्यिक विधा मानिएको छ। यसलाई छदेखि आठ हजार वाक्यसम्म लेखिनु पर्ने भनाइ छ। यद्यपि प्रत्येक पाठकको एउटा बसाइको समय जहिले पनि भिन्न हुन्छ। एउटा कथा हुनलाई शब्द सङ्ख्याको कुनै निश्चित मापदण्ड हुँदैन। अर्थात् कथा पढ्दा लाग्ने समय र शब्द सङ्ख्याले कथाका आकारमा ठुलो प्रभाव पार्दैन अनि यस आधारमा कथाको विधा छुट्याउँदा त्यो जहिले पनि अस्पष्ट हुन्छ। 'कथाकारको आँखा' कथामा लेखिएको एउटा फोन नम्बर र शीर्षक गरेर मोठ २०७७ वटा शब्द छन्। एउटा सुस्त पढाइमा यो कथा लगभग २० मिनटमा पढेर सिद्ध्याइन्छ। आकारका दृष्टिले कुरा गर्नु हो भने यति नै यसको आकार हो। यद्यपि यो एउटा कथा हो। सञ्जय विष्टकै अन्य कथाहरू पनि समान शब्द र समान लम्बाइका छैनन् तर ती सबै कथा नै हुन्। घटना वर्णन क्रिया छोटो होस् अथवा लामो होस् त्यसले कथाको आन्तरिक स्वरूपमा कुनै प्रभाव पारेको हुँदैन। कथाकारले कथामा चाहिने प्रत्येक काँचा पदार्थ अँगालेर आफ्नो रचना शक्तिद्वारा त्यसलाई कथाका साँचामा ढालेका हुन्छन्। यसो हुँदा आकारका आधारमा लघु कथा, कथा, लामो कथा भनेर कथाको वर्गीकरण गर्दा त्यो अस्पष्ट हुन्छ। 'कथाकारको आँखा' मझौला आकारको भए तापनि एउटा स्वतन्त्र कथा हो। अर्थात् यो कुनै कथाको छोटो रूप अथवा बृहत् घटनाको सारांश होइन। यसको बाह्य आकारभन्दा कथा संसार बृहत् छ जसले कथा लेखन र निर्माणका क्षेत्रमा अन्यतम दृष्टिको निर्माण गरेको छ।

## ४ 'कथाकारको आँखा' कथामा पराख्यानात्मक शैली

विलियम एच गासले आफ्नो किताप **फिक्सन एन्ड दी फिगर्स अव् लाइफ**मा मेटाफिक्सन शब्द बनाउने काम गरेका थिए जसलाई नेपाली भाषामा पराख्यान भनेर प्रयोग गरिएको छ। पराख्यान तत्त्वले कुनै आख्यान पढ्दा पाठकलाई आख्यान पढ्दैछु कि विचार गर्दैछु भन्ने विषयतिर सचेत बनाउँछ। यो भाषा, साहित्यिक रूप, कथा वाचनजस्ता विषयमा सर्जकको आत्म सचेतना हो।[२] पराख्यानले साहित्य, यथार्थ, कला र जीवनसँगको सम्बन्ध अन्वेषण गर्दै लेखकले त्यसमाथि आफ्नो उपस्थिति दिने काम गरेको हुन्छ। यसलाई आख्यानको पनि आख्यान मानिन्छ। 'हुन त पराख्यानलाई आत्म सचेत अथवा सेल्फ रिफ्लेक्सिव कथा पनि भनिन्छ। साधारणतः पारम्परिक कथामा लेखक देखिँदैन, परोक्ष रहेको हुन्छ, त्यहाँ घटना र पात्र मात्र रहेको हुँदछ'[३] भन्ने भनाइले पनि पराख्यान आख्यानकै विषयमा आख्यान हो भन्ने विषयको पुष्टि गर्दछ।

'कथाकारको आँखा' कथाले आफ्नो स्वरूप निर्माण गर्दा पराख्यान तत्त्वको सहयोग लिएको देखिन्छ। कथावाचक बस्ने भाडाको घरकै छेउमा घर भएको देवनारायणका घरमा सँगै बस्ने एउटा युवक र युवतीप्रति आफूमा विद्यमान सामाजिक मर्यादाका दृष्टिले भएको झोँक र आक्रोशलाई कथामा लेख्ने लेखकीय उत्तरदायित्व बोधको मेहेमा कथा घुमेको छ। यस कथामा कथाकारको कथा लेख्ने अठोट, कथा विषय, झट्ट कथा लेख्न नसक्नाको द्वन्द्व, साहित्यिक मूल्यको विचार सबैले गतिशीलता पाएको छ।

कथामा सँगै बस्ने युवक र युवती मात्र पाठकले कल्पना गरेका पात्र हुन्। कथाकार, देवनारायण, उमेश उपमा, डा दिवाकर प्रधान, डा राजेन्द्र भण्डारी काल्पनिक होइनन्। एकातिर सामाजिक संस्कार, मर्यादा र नियम भङ्ग गर्ने युवाबारे कथा लेख्ने अठोट र अर्कोतिर त्यसलाई कसरी कलापूर्ण ढङ्गले प्रस्तुत गर्नु पर्ने भन्ने विचार कथामा सँगै अघि बढेको छ। यसरी हेर्दा कथामा के देखिन्छ भने 'कथाकारको आँखा' कथा एउटा कथाकै विषयमा कथा हो।

---

[२] प्याट्रेसिया वाग, ई सं १९८४, **मेटाफिक्सन-द थियरी एन्ड प्र्याक्टिस अव् सेल्फ कन्सियसनेस फिक्सन**, लन्डन, रुटलेज, पृ २

[३] पेम्पा तामाङ, ई सं २००५, **आख्यानदेखि पराख्यानसम्म**, गान्तोक, सरिता प्रकाशन, पृ १५६

यथार्थवादी तर पारम्परिक कथाले वहन गर्ने यथार्थ र पराख्यानात्मक शैलीमा लेखिएको कथाले वहन गर्ने यथार्थमा फरक देखिन्छ। 'कथाकारको आँखा' कथामा भएका युवाहरूद्वारा जुन सामाजिक नियम संस्कार भङ्ग भएको छ त्यसलाई यथार्थवादी कथामा लेख्नु हो भने घटना निर्माणको एउटा सोझो प्रक्रियाद्वारा अघि बढ्न सक्थ्यो र समाजप्रति कथावाचकका विचारलाई सत्य प्रमाणित गर्थ्यो। 'कथाकारको आँखा' कथाले भने सो विषयलाई त्यसरी लेखेन। कथाले पाठकलाई प्रत्येक विषयबारे विचार गर्न लगाएको छ।

'तर एउटा कथाले स्वरूप पाउँदैछ मस्तिष्कमा। विचार बिस्तारै कथामा अनुवाद हुँदैछ। कलागत मूल्यको स्थापनाको मुलोद्देश्य र सामाजिक विकृतिको विरोधको गौणोदेश्यमा लेख्न सकिन्छ क्या हो एउटा कथा तिनै र त्यस्तै गतिछाडाहरूमाथि?'[४] जस्तो कथाका पङ्क्तिले कथा लेख्ने र नलेख्ने दोधार देखाएको छ। सामाजिक यथार्थ लेखे पनि कलागत मूल्य सर्वोपरि हो भन्ने कथाकारको दृष्टिकोण यसले व्यक्त गर्छ। के लेख्ने होइन कसरी लेख्ने भन्ने चिन्तन कथामा छ र त्यस विषयसँग कथावाचकले पाठकलाई पनि सँगै हिँडाएका छन्। कथा के हो?, कला के हो?, पाठक के हो?, कलाको बजार के हो? र कथावस्तु के हो? भन्ने कुरासँग पाठकलाई सचेत बनाएर कथाकारले यो कथा लेखेका छन् जहाँ कथाकारले सुरुमा रोजेको कथावस्तुले पारम्परिक कथामा जस्तो अन्त्य पाउँदैन अनि त्यहीँ नै कथाले आफ्नो स्वरूप निर्माण गरेको छ।

कथामा कथाकारले ठानेको यथार्थ सय प्रतिशत साँचो भएको छैन। आर्थिक, शैक्षिक, सामाजिक दृष्टिले माथिल्लो ठाउँमा नपुगेको समाजमा बाह्य संस्कृतिको प्रभावको विरोध कथाकारमा देखिन्छ। कथावस्तुको दृष्टिकोणले हेर्नु हो भने यो समाजको यथार्थ र ताजा विषय हो। तर कथाको ध्येय कथावस्तु र विषयवस्तु लेख्नु छैन। यो विषयवस्तु छोएर र त्यसलाई सय प्रतिशत सत्य नठहऱ्याएर नै यो कथा एउटा कलापूर्ण कथा भएको छ। विषयवस्तुभन्दा लेखन गाह्रो भन्ने विषय देखाउन कथा सफल देखिन्छ। यसो गर्नाका लागि कथामा पराख्यानात्मक शैलीको प्रयोग छ जहाँ कथाकारको कथालेखन सम्बन्धी आत्म चिन्तन दह्रिलो छ भने पाठकलाई पनि यस कथाले कथाबारे चिन्तन गर्न लगाउँछ। 'कथाकारको आँखा' शीर्षकमा आँखा शब्दले एउटा सफल कथाकारका लागि चाहिने कुरो विषयवस्तु हो कि कला? भन्ने दिशातिर सङ्केत गर्छ। अतः यो कथा कथाबारे नै कथा हो जसले कथामा पराख्यानात्मक तत्त्वको निर्वाह गरेको छ।

---

[४] सञ्जय विष्ट, ई सं २०१५, **जुनजस्तै घाम**, कालेबुङ, उपमा प्रकाशन, पृ २२

## ५ निष्कर्ष

प्रत्येक विधामा नयाँ दृष्टि र प्रयोगले परम्परा भत्काउने र त्यसमा केही न केही जोड्ने काम गर्छ। 'कथाकारको आँखा' कथाले पनि नेपाली कथा विधाका क्षेत्रमा एउटा बेग्लै परिपाटी जोड्ने काम गरेको छ। यसो गर्नाका लागि कथाले कथाको पारम्परिक विधा र क्रमसँग सङ्घर्ष गरेको छ। कथा लेख्न विषयवस्तु ठुलो हो कि लेखन ठुलो हो? भन्ने विचारसँग द्वन्द्व र सङ्घर्ष गरेर यस कथाको संसार निर्माण भएको छ। यसो गर्नाका लागि पराख्यानात्मक शैलीको सफल निर्वाह गर्ने काम कथामा भएको छ। विषयवस्तुको व्यापकता र फैलावटबाट होइन लेखन कलाबाट उचित सौन्दर्य निर्माण गर्न सकिन्छ भन्ने सङ्केत यो कथा भएको छ। कथाकारले लेख्न चाहेको विषयवस्तु नै हराएर कथा भएको 'कथाकारको आँखा' कथा नयाँ परिपाटीको छ। यसका लागि यस कथाले पारम्परिक कथा विधाको परिपाटीलाई चुनौती दिएर आफ्नो कथा संसार निर्माण गरेको छ।